**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
**०८०-WO-१४१७**
**विषयः- उत्प्रेषण।**

फणिन्द्र देवकोटा........................................................................... निवेदक

विरुद्ध

गण्डकी प्रदेश सभाका माननीय सभामुख कृष्णप्रसाद धितालसमेत.................... विपक्षी

प्रस्तुत रिट निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फवाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री बद्रीबहादुर कार्की, श्री शम्भु थापा, श्री प्रेमबहादुर खड्का, श्री शेरबहादुर के.सी., डा.श्री चन्द्रकान्त ज्ञवाली, श्री यदुनाथ खनाल, श्री दिनेश त्रिपाठी, श्री गोपालकृष्ण घिमिरे, डा.श्री विजयप्रसाद मिश्र र श्री सिताराम के.सी. तथा विद्वान् अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा पौडेल, श्री कृष्ण थापा, डा.श्री भिमार्जुन आचार्य, श्री एगराज पोखरेल, श्री राजिव बास्तोला, श्री दीपक राई, श्री ओमप्रसाद अर्याल, श्री नारायण खरेल, श्री कृष्णप्रसाद शर्मा, श्री त्रिलोकबहादुर चन्द, श्री पुन्देवी महर्जन, श्री चन्द्रप्रकाश भट्टराई, श्री रुद्रप्रसाद राई, श्री तुलसीराम पोखरेल, श्री रामबहादुर मिजार, श्री ज्ञानेन्द्रराज आरण, श्री ओमनारायण श्रेष्ठ, श्री लक्ष्मी सापकोटा, श्री संगिता राई र श्री धर्मराज न्यौपानेले गर्नुभएको बहस सुनियो।

सरिक हुन अनुमति प्राप्त विपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय कार्यालयको तर्फवाट उपस्थित हुनुभएका वरिष्ठ विद्वान् अधिवक्ताहरु श्री मुक्तिनारायण प्रधान, श्री रामनारायण विडारी, श्री विश्वप्रकाश भण्डारी, श्री रमेश बडाल र श्री श्रीकान्त बराल तथा विद्वान् अधिवक्ता श्री डालबहादुर विश्वकर्माले गर्नुभएको बहस सुनियो।

यसमा के, कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए आफूसँग भएको सवुत प्रमाण खुलाई विपक्षी नं. १, २, ४ र ६ ले गण्डकी प्रदेश सरकारको मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत, विपक्षी नं. ३ र ५ ले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत तथा विपक्षी नं. ७ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ प्रस्तुत गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै



CamScanner

राखी विपक्षीहरुका नाउँमा म्याद/सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को अध्यक्ष पुष्पकमल दाहालको हस्ताक्षर भएको गण्डकी प्रदेश सभाको सदस्य माननीय श्री फणिन्द्र देवकोटालाई प्रदेश सभा सदस्यबाट निष्कासन गरी दल त्याग गरेको वेहोराको सूचना प्राप्त हुन आएकोले गण्डकी प्रदेश सभालाई जानकारी गराउछु भन्ने वेहोरा गण्डकी प्रदेश सभाको माननीय सभामुखबाट मिति २०८१।२।३२ मा उल्लेख भएपश्चात् दल त्याग गरेको तथा प्रदेश सभा सदस्यवाट निष्कासन गरेकोमा यी निवेदकले चुनौती दिँदै प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेशसमेतको माग गरेको देखियो।

निवेदकले अन्तरिम आदेशसमेतको माग गरेतर्फ विचार गर्दा, मिति २०७९।८।४ गते सम्पन्न गण्डकी प्रदेश सभाको निर्वाचनमा निवेदक ने.क.पा. (माओवादी केन्द्र) को गोलाकार भित्रको हसियाँ हतौडा चुनाव चिन्ह लिई निर्वाचन लडेको भए पनि निवेदकले पेस गरेको मनोनयनपत्र, निर्वाचन आयोगले दिएको प्रमाणपत्र, निर्वाचन आयोग नेपालको मिति २०८०।१०।२३ मा उल्लिखित वेहोरा र गण्डकी प्रदेश सभाको निर्वाचनमा निवेदक प्रदेश सभाको सदस्य निर्वाचित भएपश्चात् निर्वाचन आयोगले मिति २०७९।८।२९ मा राजपत्रमा प्रकाशित गरेको सूचनामा यी निवेदक फणिन्द्र देवकोटा नेपाल समाजवादी पार्टीसँग आवद्ध भएकोमा विवाद देखिँदैन। निवेदकलाई प्रदेश सभा सदस्यवाट निष्कासन गरी दल त्याग गरेको भन्ने प्रस्तुत विवादमा के कस्तो संवैधानिक र कानूनी व्यवस्था छ हेर्नु वाञ्छनीय देखिन्छः-

नेपालको संविधानको धारा १८० मा <u>प्रदेश सभा सदस्यको स्थान रिक्त हुने:</u> देहायको कुनै अवस्थामा प्रदेश सभाका सदस्यको स्थान रिक्त हुनेछः-

(क) निजले प्रदेश सभाको सभामुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको धारा १७८ वमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) प्रदेश सभाको कार्यकाल समाप्त भएमा वा विघटन भएमा,

(घ) निज प्रदेश सभालाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,

(ङ) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानूनवमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा,

(च) निजको मृत्यु भएमा।

त्यसैगरी, राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ३१ मा <u>दल त्याग गर्न नहुने:</u> (१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दलको तर्फबाट उम्मेदवार भई निर्वाचित भएको सङ्घीय संसदको सदस्य, प्रदेश सभाको सदस्य वा स्थानीय



CamScanner

तहको सदस्यले त्यस्तो पदको पदावधि कायम रहेसम्म जुन दलको उम्मेदवार भई निर्वाचित भएको हो त्यस्तो दल त्याग गर्न सक्ने छैन।

सोही ऐनको दफा ३२ मा दल त्याग गरेको मानिने: (१) देहायको अवस्थामा सदस्यले दल त्याग गरेको मानिनेछः-

क) निजले सम्बन्धित दलको सदस्यबाट लिखित रुपमा राजीनामा दिएमा,

ख) निजले अर्को दलको सदस्यता लिएमा, वा

ग) निज आफैंले वा निजसमेत संलग्न भई अर्को दल गठन गरेमा।

(२) दफा २८ को उपदफा (३) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई यस दफाको अधीनमा रही सम्बन्धित दलबाट निष्कासन गर्न सक्नेछ र त्यसरी कुनै सदस्य निष्कासन भएमा त्यस्तो सदस्य सम्बन्धित दलबाट समेत निष्कासन भएको मानिनेछ।

निवेदक गण्डकी प्रदेश सभाको सदस्य निर्वाचित भएकोमा विवाद देखिँदैन र निवेदक नेपाल समाजवादी पार्टीसँग आवद्ध भएको भन्ने तथ्य नेपाल राजपत्रमा प्रकाशित सूचना लगायतका आधिकारिक कागजातबाट देखिएको छ। निवेदक नेपाल समाजवादी पार्टीसँग आवद्ध रहेको र सो पार्टी निवेदकले त्याग गरेको नदेखिनुको साथै सो पार्टीले निवेदकलाई कारवाही गरी निष्कासन गरेको समेत देखिँदैन। निवेदक आवद्ध नभएको राजनीतिक दल ने.क.पा. (माओवादी केन्द्र) बाट निवेदकलाई दल त्याग गरेको भनी गण्डकी प्रदेश सभा सदस्यबाट निष्कासन गर्न पाउने अधिकार उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाको रोहमा प्रत्याभूत गरेको नदेखिएको परिप्रेक्ष्यमा मिति २०८१।२।३२ को गण्डकी प्रदेश सभाको माननीय सभामुखको निर्णय तथा सूचना कार्यान्वयन भएमा निवेदकले जनप्रतिनिधिको हैसियतमा भुमिका निर्वाह गर्न नसक्ने भई अपुरणीय क्षति पुग्ने देखिंदा प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म मिति २०८१।२।३२ को गण्डकी प्रदेश सभाको माननीय सभामुखको निर्णय तथा सूचना कार्यान्वयन नगर्नू, नगराउनू तथा निवेदकलाई गण्डकी प्रदेश सभाको सदस्यको हैसियतमा कार्यरत रहन दिनू भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) को (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिनुहोला।

न्यायाधीश

इति संवत् २०८१ साल असार १० गते रोज २ शुभम् ..........................................